# महालक्ष्मी राजपत्र

महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्ड २ कमलपोखरी, फागुन १५ २०७५ साल अतिरिक्ताङ्क २ (ख१)

## भाग- ३

## महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण (पहिलो संशोधन) मापदण्ड

**प्रस्तावनाः** यस महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण मापदण्ड २०७४ मा केही विषयहरुमा संशोधन गर्नु पर्ने देखिएकोले त्यी विषयहरु संशोधन गर्न वाञ्छनीय भएकोले,

महालक्ष्मी नगरकार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण (पहिलो संशोधन) मापदण्ड २०७५ रहेको छ ।

१. **महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण (पहिलो संशोधन) मापदण्ड २०७४ को दफा - ८७ मा संशोधन:** महालक्ष्मी नगरपालिकाको योजना तथा भवन निर्माण मापदण्ड २०७४ को परिच्छेद ११ को दफा ८७ को उपदफा १८ पछि देहाय बमोजिम दफा ८७(१) थप्ने:-

१. भूकम्प पिडितले बिबिध कारणले अनुमति नलिई भवन निर्माण गरेका भवनहरुको हकमा हालको प्रक्रिया अनुसार नियमित गर्दा नयाँ घर निर्माणमा लाग्ने दस्तुरको ५० प्रतिसत राजस्व छुट गरिनेछ ।

२. साबिकमा भवन (निर्माण अनुमति लियको वा अनुमति नलिई) निर्माण गरेका साबिक मापदण्डमा रहेका तथा हाल बाटोको क्षेत्राअधिकारमा पर्ने र भवनले चर्चेको क्षेत्रफल बढी भयको भवनलाई साबिकको बिबरण खुलाई वडाको सिफारिसमा नियमित /अभिलेखीकरण गर्न सकिने र सो को विवरण प्रमाण पत्रमा कैफियतको रुपमा उल्लेख गर्न सकिने छ ।

३. साबिकमा भवन २०७१ मंसिर अगाडी (निर्माण अनुमति लियको वा अनुमति नलिई) निर्माण गरेका तर साबिक मापदण्डमा रहेका तथा हाल

साबिकको बिबरण खुलाई वडाको सिफारिसमा नियमित/ अभिलेखीकरण गर्न सकिने र सो को विवरण प्रमाण पत्रमा कैफियतको रुपमा उल्लेख गर्न सकिने छ ।

४. स्थायी अनुमति लिई भबन निर्माण हुँदै गरेकाको हकमा नक्सा परिबर्तन गर्नु परेमा हालको मापदण्डभित्र रही नक्सा संशोधन गर्न सकिने छ। यसरी संशोधन गर्दा दस्तुर रु. २५०० लाग्ने छ ।

५. २०७१ मंसिर अगाडी निर्माण अनुमति लियर बनेका भबन निर्माण सम्पन्न गर्दा निर्माण गर्न पाउने क्षेत्रफल (FAR X जग्गाको क्षेत्रफल) भन्दा १०% सम्म बढी भयमा तेब्बर दस्तुर लिई निर्माण सम्पन्न पत्र दिन सकिने छ ।

६. माथि उल्लेखित बुँदाहरुमा २०७१ मंसिर भन्दा अगाडी बनाएको घरहरुमा मात्र यो नियम लागु हुनेछ ।

७. चार तल्ला भन्दा अग्लो भवन निर्माण गर्दा अनिबार्य रुपमा सँधियरतर्फ कम्तिमा १ मि. छोडेर निर्माण कार्य गर्नु पर्नेछ। साथै सँधियारको घरको सुरक्षा ब्यबस्था गर्नु पर्ने हुन्छ।

८. बाटोको क्षेत्राधिकार छोडेर पर्खाल निर्माण पश्चातमात्र प्राबिधिक प्रतिबेदन तथा वार्डको सिफारिस पश्चात निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिनेछ ।

९. नया निर्माण अनुमति लिने भवनको पर्खाल समेत स्वीकृत गराउनु पर्नेछ ।

१०. सेट ब्याकमा सेफ्टि ट्यांकी राख्न पाईने छैन। सेफ्टि ट्यांकीलाई नक्सामै उल्लेख गर्नु पर्नेछ ।

११. निर्माण अनुमतिलिई भवन निर्माण गरिसकेपछि खुलेका बाटोहरुको क्षेत्राधिकारलाई कारण देखाई त्यस्ता घरहरको निर्माण सम्पन्न दिन बाधा पर्ने छैन ।

प्रमाणीकरण मितिः २०७५/११/१५

नगर कार्यपालिकाको तर्फबाट
लक्ष्मी प्रसाद रेग्मी
महालक्ष्मी नगरपालिकाको सचिव